गल्याङ नगरपालिका
Galyang Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
फोन नं. ०६३४६११४४
गण्डकी प्रदेश,नेपाल
Gandaki Province, Nepal

प.सं.(Ref. No.): २०८३/८४
च.नं.(Des. No.):

मिति: २०८३/०६/०८
ने सं : ११४६

## सम्भावित भारी वर्षा र विपद सम्बन्धी पुर्वसर्तकता अपनाउने सम्बन्धी
## अत्यन्त जरुरी सुचना

नेपाल मौसम विज्ञान विभागबाट जारी मौसम पूर्वानुमान तथा प्राप्त सुचना अनुसार २०८३ साल असोज ९ गतेदेखि असोज ११ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा तथा प्रतिकूल मौसमको सम्भावना रहेको हुँदा सो अवधिमा हुन सक्ने सम्भावित विपद्जन्य घटनाबाट बच्न तथा क्षति न्यूनीकरण गर्न आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन अनुरोध गरिएको छ।

यसै सन्दर्भमा गल्याङ नगरपालिका क्षेत्रभित्र समेत सम्भावित भारी वर्षा, बाढी, पहिरो, डुबान, नदी तथा खोलानालामा पानीको बहाव बढ्ने, सडक तथा यातायात अवरुद्ध हुने लगायतका जोखिमलाई मध्यनजर गर्दै सम्पूर्ण नगरवासी, सार्वजनिक तथा निजी क्षेत्र, विद्यालय, संघसंस्था तथा सम्बन्धित सरोकारवाला निकायहरूलाई देहायबमोजिम आवश्यक सावधानी तथा पूर्वतयारी अपनाउन अनुरोध गरिन्छ।

देहाय :

१. सम्भावित भारी वर्षाको समयमा अनावश्यक यात्रा तथा जोखिमयुक्त क्षेत्रमा आवतजावत नगर्नु/नगराउनु हुन।

२. नदी, खोला, खोल्सा तथा अन्य जलस्रोतको आसपास नजानुका साथै पानीको बहाव बढेको अवस्थामा खोला तथा नदी पार नगर्नु हुन।

३. पहिरो तथा भू- क्षयको जोखिम भएका स्थानमा बसोबास गर्ने नागरिकहरूले विशेष सतर्कता अपनाई आवश्यक पूर्वतयारी अवस्थामा रहनु हुन।

४. सडक, पुल तथा कल्भर्टमा पानीको बहाव बढेको अवस्थामा जोखिम मोलेर आवतजावत नगर्नु हुन ।

५. घर, टहरा तथा अन्य संरचना वरपर पानीको निकास व्यवस्थित गर्नुका साथै सम्भावित जोखिमबाट बच्न आवश्यक तयारी गर्नु हुन ।

६. विद्यालय, सार्वजनिक संस्था तथा अन्य कार्यालयहरूले आफ्नो क्षेत्रको जोखिम अवस्था मूल्याङ्कन गरी आवश्यक सुरक्षा तथा पूर्वतयारीका उपायहरू अवलम्बन गर्नु हुन।

युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Website: www.galyangmun.gov.np
ito.galyangmun@gmail.com
Email: info@galyangmun.gov.np.

गल्याङ नगरपालिका
Galyang Municipality

फोन नं. ०६३४६११५५

# नगर कार्यपालिकाको कार्यालय

# Office of Municipal Executive

गण्डकी प्रदेश,नेपाल
Gandaki Province, Nepal


प.सं.(Ref. No.): २०८३/८४
च.नं.(Des. No.):

मिति: २०८३/०६/०८
ने सं : ११४६

७. बाढी, पहिरो, डुबान वा अन्य विपद्को अवस्था सिर्जना भएमा तत्काल सम्बन्धित वडा कार्यालय, गल्याङ नगरपालिका तथा सुरक्षा निकायलाई जानकारी गराउनुहोस्।

८. नेपाल मौसम विज्ञान विभाग, जिल्ला प्रशासन कार्यालय तथा गल्याङ नगरपालिकाबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वसूचनाहरू नियमित रूपमा अवलोकन गरी सोहीअनुसार आवश्यक सावधानी अपनाउनु हुन ।

अतः सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सम्पूर्ण नगरवासी तथा सम्बन्धित सरोकारवाला निकायहरूलाई उच्च सतर्कता अपनाई आवश्यक पूर्वतयारी तथा सावधानीका उपायहरू अवलम्बन गर्नुहुन गल्याङ नगरपालिका हार्दिक अनुरोध गर्दछ।

<u>विपद परेमा वा आपतकालिन अवस्थामा सम्पर्क नम्बरहरु:</u>

- वर्षा र बाढी सम्बन्धि जानकारी: ११५५
- विपदमा मद्दत माग्न: १२३४
- नेपाल प्रहरी (हटलाइन) १००
- नगर प्रहरी इन्चार्ज: ९८६१४१३५१९
- गल्याङ प्रहरी चौकी: ९८५६०५७००५
- नगर प्रमुख : ९८५६०२८६५७
- नगर उपप्रमुख : ९८५६०५९८६६
- प्रमुख प्रशासकीय अधिकृत : ९८५६०१६१२९
- विपद फोकल पर्सन : ९८४७३०८७२२

२०८३/६/८

युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत